**बैठक नं. ५०**

आज मिति २०७६/०७/२४ गतेका दिन बुटवल उप-महानगरपालिकाका प्रमुख श्रीमान शिवराज सुवेदीज्यूको अध्यक्षता र देहायका कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा निम्न प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : दिनको २:०० बजे ।

स्थान : नगर कार्यपालिकाको भवन ।

## उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | शिवराज सुवेदी | प्रमुख | [signature] |
| २ | गुमा देवी आचार्य | उप-प्रमुख | [signature] |
| ३ | महेन्द्र प्रसाद लिगल | सदस्य | [signature] |
| ४ | रमेश प्रसाद नेपाल | सदस्य | — |
| ५ | लाल प्रसाद वस्याल | सदस्य | [signature] |
| ६ | टंक प्रसाद पराजुली | सदस्य | [signature] |
| ७ | तेज बहादुर सुनार | सदस्य | [signature] |
| ८ | जगदिश चन्द्र आचार्य | सदस्य | — |
| ९ | कमल प्रताप थापा | सदस्य | [signature] |
| १० | भिम बहादुर श्रेष्ठ | सदस्य | [signature] |
| ११ | बिष्णु बहादुर थापा | सदस्य | [signature] |
| १२ | पदम बहादुर थापा | सदस्य | [signature] |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | [signature] |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १४ | दुर्गा प्रसाद सुवेदी | सदस्य | |
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | डम्मर बहादुर भण्डारी | सदस्य | |
| १८ | राम प्रसाद रेग्मी | सदस्य | — |
| १९ | सन्त बहादुर राना | सदस्य | |
| २० | हुमनाथ आचार्य | सदस्य | |
| २१ | हिम बहादुर खत्री | सदस्य | |
| २२ | डिल प्रसाद नेपाली | सदस्य | |
| २३ | रन्जित शेरचन | सदस्य | |
| २४ | माया देवी वराल (विश्वकर्मा) | सदस्य | — |
| २५ | बिमला श्रेष्ठ | सदस्य | |
| २६ | सिता कुमारी थापा | सदस्य | |
| २७ | शुष्मा कुमारी अर्याल | सदस्य | |
| २८ | विष्णु कुमारी शर्मा | सदस्य | |
| २९ | चक्रपाणी शर्मा | प्रमुख प्रशासकीय अधिकृत | |

विरमान लामा - का वा वडाध्यक्ष -
सुनिल शाक्य - ,, ,,

**प्रस्ताव नं.५०.१ मागमा आधारित पशुपंक्षी विकास अनुदान कार्यक्रम कार्यविधि,२०७६ स्वीकृत सम्बन्धमा ।**

निर्णय नं.५०.१ :मिति २०७६।०६।१६ मा बसेको नगर कार्यपालिकाको बैठक नं. ४९.७.३ मा टेबुल भएको र सम्बन्धित समितिमा समेत दफावार छलफल भई पेश हुन आएको मागमा आधारित पशुपंक्षी विकास अनुदान कार्यक्रम कार्यविधि,२०७६ माथिको छलफल समाप्त भएको हुंदा मागमा आधारित पशुपंक्षी विकास अनुदान कार्यविधि,२०७६ स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५०.२ पशु स्वास्थ्य कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७६ स्वीकृति सम्बन्धमा ।**

निर्णय नं.५०.२ : मिति २०७६।०६।१६ मा बसेको नगर कार्यपालिकाको बैठक नं. ४९.७.४ मा टेबुल भएको र सम्बन्धित समितिमा समेत दफावार छलफल भई पेश हुन आएको पशु स्वास्थ्य कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७६ माथिको छलफल समाप्त भएको हुंदा पशु स्वास्थ्य कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५०.३ प्रोत्साहन सुविधा सम्बन्धमा ।**

निर्णय नं.५०.३: नगर कार्यपालिकाबाट स्वीकृत साविक स्थानीय निकायका कर्मचारीहरुलाई प्रोत्साहन सुविधा सम्बन्धी मापदण्ड, २०७६ को नियम ४ को प्रोत्साहन सम्बन्धी बिशेष व्यवस्थामा उल्लेख भए बमोजिमको मापदण्ड पुरा गरेका कर्मचारीहरुलाई यही २०७६ मार्ग १ गते देखि लागू हुने गरी प्रोत्साहन सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. ५०.४ नगर शिक्षा योजना स्वीकृत सम्बन्धमा ।**

निर्णय नं.५०.४ नगर शिक्षा योजना निर्माण कार्यदलबाट पेश भए बमोजिमको बुटवल उपमहानगरपालिकाको नगर शिक्षा योजना (२०७६/०७७ -२०८०/०८१) स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५०.५ स्थानीय पाठ्यक्रम स्वीकृत सम्बन्धमा ।**

निर्णय नं.५०.५ :बुटवल उपमहानगरपालिका क्षेत्रभित्र आगामी शैक्षिक सत्र २०७७ देखि लागु गर्ने गरी स्थानीय पाठ्यक्रम निर्माण कार्यदलबाट निर्माण गरी हस्तान्तरण गरिएको स्थानीय पाठ्यक्रम मिति २०७६।०६।३० मा प्रमुखज्यूबाट नगर कार्यपालिकाबाट अनुमोदन गराउने गरी स्वीकृत भएको हुँदा सो पाठ्यक्रमलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५०.६ युवा क्लव गठन तथा नमूना युवा संसद सञ्चालन कार्यविधि २०७६ को परिच्छेद ३ को बुंदा नं.६(१)ख संशोधन सम्बन्धमा ।**

निर्णय नं.५०.६: युवा क्लव गठन तथा नमूना युवा संसद सञ्चालन कार्यविधि, २०७६ को परिच्छेद ३ को बुंदा नं.६(१)ख मा उल्लेख भएको एघार सदस्यीय नगर स्तरीय युवा क्लव संजाल कार्यसमिति गठन हुने व्यवस्था भएको तर पदनाम उल्लेख नभएको हुँदा उक्त समिति ११ (एघार) सदस्यीयबाट सवै वडाको वडा संयोजक सदस्य रहने गरी १९ सदस्यीय बनाउने र उक्त सदस्यहरु मध्येबाट अध्यक्ष १,उपाध्यक्ष १, सदस्य सचिव १ रहने र बांकी १६ जना सदस्य रहने भन्ने उल्लेख गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५०.७ चाइनाको Xian City संग यस उप महानगरपालिकाको भगिनी सम्बन्ध स्थापित भएको सम्बन्धमा ।**

<u>निर्णय नं.५०.७:</u> मिति २०७६।०६।२५ मा मित्रराष्ट्र चीनका महामहिम राष्ट्रपति सि जिनपिङको ऐतिहासिक नेपाल भ्रमणका अवसरमा महामहिम राष्ट्रपति सि जिनपिङ र सम्माननीय प्रधानमन्त्री के. पि. ओलीज्यूको विशेष उपस्थितिमा मिति २०७६।०६।२६ गते बुटवल उपमहानगरपालिका र चीनको Xian City वीचमा भगिनी सम्बन्ध कायम गर्नका लागि सम्झौता सम्पन्न भएको छ । सम्झौता सम्पन्न गराउने क्रममा विभिन्न तहबाट योगदान दिने सबै महानुभावहरुलाई धन्यवाद दिने निर्णय गरियो । Xian नगरका विशिष्ट पाहुनाहरुको स्वागत सत्कार र बुटवलको भ्रमणको क्रममा भएको खर्च रु.५,९९,००४।४३ (पाँच लाख उनान्सय हजार चार रुपैया पैसा त्रिचालीस मात्र) अनुमोदन गरी भुक्तानी गर्न निर्देशन दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ५०.८ ऐतिहासिक जितगढी किल्लाको तत्कालिन लडाइमा परेका १३ जना वीर योद्धाहरुको Image (आकृति) पहिचानको खोजका लागि गठित कार्यदल लाई अनुमोदन गर्ने सम्बन्धमा ।**

<u>निर्णय नं.५०.८</u> मिति २०७६।०७।१८ गतेको प्रमुख स्तरीय निर्णयबाट बुटवल उपमहानगरपालिका वडा नं.१ स्थित ऐतिहासिक जितगढी किल्लाको तत्कालिन लडाइमा परेका १३ जना वीर योद्धाहरुको Image (आकृति) पहिचान गर्न आवश्यक खोजका लागि झपेन्द्र बहादुर जि.सी.को संयोजकत्वमा देहायको सदस्य रहने गरी गठित कार्यदललाई अनुमोदन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| १.श्री झपेन्द्र बहादुर जि.सी. | संयोजक |
| २. श्री सुर्य बहादुर जि.सी. | सदस्य |
| ३. श्री चन्दा रावल | सदस्य |
| ४. श्री विमल बहादुर शाक्य | सदस्य |
| ५. श्री निर्मल श्रेष्ठ | सदस्य |
| ६. श्री रविन्द्र गोपाल लाकौल | सदस्य |
| ७. श्री सुमन श्रेष्ठ, सहरी पूर्वाधार विकास महाशाखा | |

**प्रस्ताव नं. ५०.९ नदीजन्य पदार्थको अवैध ओसार पसार र फुटपाथ अतिक्रमण गर्दा लाग्ने जरिवाना तोक्ने सम्बन्धमा ।**

<u>निर्णय नं.५०.९</u> : (क) बुटवल उपमहानगरपालिका क्षेत्रभित्र फुटपाथ खुल्ला राखि ट्राफिक आवागमनमा सहजता ल्याउने तथा नगरको सौन्दर्यता कायम गर्ने र फोहर व्यवस्थापनमा सहयोग पुर्‍याउने सन्दर्भमा नियन्त्रणमा लिइएका सामाग्री फिर्ता गर्दा लिइने जरिवाना रकम तोक्ने सन्दर्भमा आर्थिक ऐन, २०७६ को दफा २२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी देहाय बमोजिम तोक्ने निर्णय गरियो ।

तपशिल :

१.ठेला र ठेला जस्ता सामाग्रीहरुको रु. १०००। देखि रु.१५००। सम्म ।

२.कुर्सि,ढक तराजु तथा अन्य सामाग्रीहरुको रु.५००। देखि रु.१०००। सम्म ।

३. बेलुन र अन्य साना सामाग्रीहरुको रु.२५०। देखि रु.५००। सम्म ।

४. दोश्रो पटक भएको तोकिएको रकमको दोव्वर र पटक पटक भएका दोव्वर हुदै जाने ।

उल्लेख भए बाहेक व्यवसायिक प्रयोजनमा राजमार्ग लगायत अन्य सडक पेटी अतिक्रमण गरी सवारी साधन (कार, जीप, मोटरसाइकल र सो प्रकृतिका साधन राखी अवरोध गर्ने सवारी साधन धनी वा उल्लेखित व्यवसायीलाई देहाय बमोजिम जरिवाना तोक्ने समेत निर्णय गरियो ।

क. मोटरसाइकल रु.१५००।-

ख. कार, जीप, भ्यान, टेक्टर रु.२०००।-, पटकेको हकमा अन्य सरह दोब्बर गर्ने

साथै मिति २०७६।०६।०८ मा भएको नगरकार्यपालिकाको कार्यालयको सो सम्बन्धि निर्णयलाई अनुमोदन समेत गरियो ।

(ख) नदीजन्य पदार्थको अवैध उत्खनन तथा ओसार पसारलाई निरुत्साहित गर्न तपसिल बमोजिम जरिवाना रकम तोकिएको सन्दर्भमा आर्थिक ऐन, २०७६ को दफा २२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी देहाय बमोजिम तोक्ने निर्णय गरियो ।

तपशिल :

१. ट्रेक्टर रु.२५,०००।

२. ट्रक,टिप्पर रु. ४०,०००।

३. भारी उपकरण रु. १,००,०००।

उल्लेखित ढुवानी साधनका अतिरिक्त छोटा हात्ति र सो प्रकृतिका साधनहरुलाई रु.१५,०००।- जरिवाना गर्ने र दोश्रो पटक देखि प्रत्येक पटक सबै ढुवानीका साधनहरुको जरिवाना दोब्बर गर्ने समेत निर्णय गरियो ।

साथै मिति ०७६।०७।०३ मा भएको नगरकार्यपालिकाको कार्यालयको निर्णयलाई अनुमोदन गरियो ।

**प्रस्ताव नं. ५०.१० सानिसा अर्न्तगतका आयोजनाहरु संचालनका लागि प्रयोग हुने विभिन्न ढाचाहरु स्वीकृत सम्बन्धमा ।**

<u>निर्णय नं.५०.१०:</u> सार्वजनिक निजी साझेदारी समितिको सिफारिस समेतका आधारमा सार्वजनिक निजी साझेदारीमा संचालन हुने आयोजनाहरुका लागि मनसायपत्र आव्हान गर्ने देखि व्यक्ति वा संस्था छनौट भई सम्झौता गर्ने सम्मका प्रकिया र विधिहरुमा प्रयोग हुने तपशिल बमोजिमका नमुना ढाँचाका दस्तावेजहरु स्वीकृत गर्ने निर्णय गरियो ।

१. आयोजनाको स्वीकृति सम्बन्धी सूचना ।

२. मनसायपत्र आव्हानको सूचना ।

३. मनसायपत्र पेस निवेदन ।

४. पूर्वयोग्यता आव्हान पत्र ।

५. पुन: मनसायपत्र आव्हानको सूचना ।

६. मनसायपत्र छनौट भई संक्षिप्त सुचीमा परेका सूचना ।

७. प्रस्ताव आव्हानको सूचना ।

८. प्रस्ताव पेस निवेदन ।

९. प्रस्ताव आव्हान पत्र ।

१०. प्रस्ताव छनौट भएको सम्बन्धी सूचना ।

११. प्रस्ताव छनौट नभएको सम्बन्धी सूचना ।

१२. समझदारी गर्ने सूचना ।
१३. समझदारी पत्र ।
१४. आयोजना सम्झौता ।

**प्रस्ताव नं. ५०.११ लुम्बिनी केवुलकार प्रा.लि. बुटवलको विस्तृत आयोजना प्रतिवेदन स्वीकृति तथा अनुमति पत्र सम्बन्धमा ।**

निर्णय नं.५०.११ : लुम्बिनी केवुलकार प्रा.लि.बुटवलको मिति २०७६।०७।१७ च.नं.०३/०७६/०७७ को पत्रसाथ प्राप्त विस्तृत परियोजना प्रतिवेदन (DPR) स्वीकृत गर्न तथा संचालन अनुमतिदिनका लागि अनुरोध भै आएकोमा आजको बैठकमा पेश भई छलफल भयो । उक्त प्रा.लि.बाट पेश हुन आएको विस्तृत परियोजना प्रतिवेदन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२) को छ( ११) बमोजिम परिमार्जन सहित स्वीकृत गर्ने र निर्माण अनुमति दिने तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२) को घ (३) बमोजिम लाग्ने शुल्क पछि नगर सभाबाट तोक्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५०.१२ सहकारी दर्ता सम्बन्धमा ।**

निर्णय नं.५०.१२ : हालसम्म नगर सहकारी नियमावली बनिनसकेको अवस्थामा बुटवल उपमहानगरपालिकाको सहकारी ऐन तथा संघीय सहकारी ऐन,२०७४ र नियमावली, २०७५ मा भएको व्यवस्था समेतको आधारमा सहकारी संस्था दर्ता गर्ने कार्य प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ५०.१३ केवुल तथा इन्टरनेट सेवा प्रदायक संस्थाहरुले अव्यवस्थित रुपमा राखेका तार तथा अन्य सामाग्रीहरु अनुगमन तथा व्यवस्थापन गर्न गठित समितिलाई अनुमोदन गर्ने सम्बन्धमा ।**

निर्णय नं.५०.१३ :केवुल, इन्टरनेट तार तथा सामाग्रीहरुलाई व्यवस्थित बनाउने तथा बनाउन लगाउने र सो कार्यको अनुगमन तथा निर्देशन गर्नका लागि सरोकारवालाहरु समेतको संलग्नतामा गठन भएको देहाय बमोजिमको कार्यदललाई अनुमोदन गर्ने निर्णय गरियो ।

संयोजक : श्री टंक प्रसाद पराजुली, वडाध्यक्ष वडा नं. ४
सदस्य : कार्यालय प्रमुख वा प्रतिनिधि नेपाल बिधुत प्राधिकरण बुटवल ।
सदस्य : कार्यालय प्रमुख वा प्रतिनिधि, नेपाल टेलिकम बुटवल ।
सदस्य : श्री डिल्ली राम भण्डारी,प्रतिनिधि केवुल तथा इन्टरनेट सेवा प्रदायक संस्था (विविएन केवुल प्रा.लि.)
सदस्य : श्री सन्तोष श्रेष्ठ, प्रतिनिधि केवुल तथा इन्टरनेट सेवा प्रदायक संस्था (नागरिक केवुल प्रा.लि.)
सदस्य सचिव : शाखा प्रमुख राजश्व प्रशासन शाखा,बुटवल उपमहानगरपालिका ।

**प्रस्ताव नं. ५०.१४ वैकल्पिक अस्थायी फोहरमैला व्यवस्थापन स्थल पहिचान गरी सिफारिस गर्न गठित कार्यदललाई अनुमोदन गर्ने सम्बन्धमा ।**

निर्णय नं.५०.१४ :मिति २०७६।०६।१७ गतेको प्रमुख स्तरीय निर्णयबाट उप प्रमुखको अध्यक्षतामा गठित देहाय बमोजिमको अस्थायी ल्याण्डफिल साईटको सम्भावित स्थल पहिचान तथा सिफारिस कार्यदललाई अनुमोदन गर्ने निर्णय गरियो ।

उप प्रमुख श्री गुमा देवी आचार्य अध्यक्ष
वडा अध्यक्ष श्री नारायण प्रसाद पुन सदस्य
वडा अध्यक्ष श्री रामचन्द्र क्षेत्री सदस्य
वडा अध्यक्ष श्री तेज प्रसाद सुनार सदस्य
वडा अध्यक्ष श्री दधिराम न्यौपाने सदस्य
योजना प्रमुख श्री सुमन श्रेष्ठ सदस्य
बरिष्ठ अधिकृत श्री भुवा प्रसाद लुईटेल सदस्य सचिव

**प्रस्ताव नं. ५०.१५ कार्यदलको प्रतिवेदन सम्बन्धमा ।**

निर्णय नं.५०.१५ : बुटवल उपमहानगरपालिका वडा नं.१ स्थित कि.नं.४५, ८१६.६० व.मि. क्षेत्रफल रहेको सार्वजनिक जग्गाको संरक्षण र उपयोग गर्ने उद्देश्यले कभर्डहल निर्माण गर्ने गरी उक्त जग्गामा बसोवास गरी आएका व्यक्तिहरुलाई हटाइएको र त्यसरी हटाईएका व्यक्तिहरु मध्ये वास्तविक पिडितहरुलाई राहत र पुर्नस्थापनाका सम्बन्धमा सिफारिस गर्न गठित कार्यदलबाट प्राप्त यसै साथ संलग्न गरिएको प्रतिवेदन बमोजिमको सिफारिस कार्यान्वयन गर्न र प्रतिवेदनमा उल्लेखित क्षेत्रफलमा नघट्ने गरी जग्गा व्यवस्थापन गर्न यस कार्यपालिकाद्धारा गठित अव्यवस्थित बसोवास तथा सार्वजनिक जग्गा संरक्षण कार्यदललाई जिम्मा दिने । उक्त कार्यदलले जग्गाको पहिचान गरी सिफारिस गरेपछि जनता आवास कार्यक्रममा समावेश गरी आवास निर्माणका लागि ५ नं. प्रदेश सरकारलाई सिफारिस गर्ने । तत्कालिन प्रतिवेदनको आधारमा राहत स्वरुप प्रतिव्यक्ति रु.२५०००।-( अक्षेरुपी पच्चीस हजार रुपैया) को दरले १६ जनाको लागि ४ लाख नगद उपलब्ध गराई सकेको विषयलाई अनुमोदन गर्ने समेत निर्णय गरियो ।

**प्रस्ताव नं. ५०.१६ विविध ।**

**प्रस्ताव नं. ५०.१६.१ बुटवल उपमहानगरपालिकाको अनुगमन तथा मूल्याङ्कन सम्बन्धी नियमावली, २०७६ सम्बन्धमा ।**

निर्णय नं.५०.१६.१ : यस बुटवल उपमहानगरपालिकाबाट सम्पादन हुने कार्यलाई व्यवस्थित गर्नका लागि अनुगमन तथा मूल्याङ्कन सम्बन्धी नियमावली आवश्यक भएको हुँदा कार्यालयबाट तयार भई पेश हुन आएको बुटवल उपमहानगरपालिकाको अनुगमन तथा मूल्याङ्कन सम्बन्धी नियमावली, २०७६ टेवुल भयो ।

**प्रस्ताव नं. ५०.१६.२ छात्रवृति छनौट सम्बन्धी कार्यविधि,२०७६ सम्बन्धमा ।**

निर्णय नं.५०.१६.२ वुटवल उपमहानगरपालिकालाई नेपाल सरकार, विदेशी सरकार, कुनै विश्व विद्यालय वा शिक्षण संस्थाले उपलब्ध गराउने छात्रवृत्ति वितरण कार्यलाई व्यवस्थित रुपले सर्वसाधारण नागरिक वा वुटवल उपमहानगरपालिकाका कर्मचारीहरुलाई उपलब्ध सम्बन्धमा व्यवस्था गर्न आवश्यक भएकोले नगरकार्यपालिकाको कार्यालयबाट तयार भई पेश हुन आएको छात्रवृत्ति छनौट सम्बन्धी कार्यविधि, २०७६ आजको वैठकमा टेवुल भयो ।

अन्त्यमा उपस्थित सबैलाई धन्यवाद दिदै प्रमुखज्यूबाट वैठक समाप्त भएको जानकारी गराउनु भयो ।